# काठमाडौं जिल्ला अदालत

बबरमहल काठमाडौं

फाँटः- जिन्सी

प.स. ०८१/०८२

च.नं.

मितिः- २०८१।१०।२७

विषयः- सूचना Website मा राखी दिने सम्वन्धमा ।

श्री सर्वोच्च अदालत,

सुचना प्रविधि शाखा,

रामशाहपथ, काठमाडौं

प्रस्तुत सम्वन्धमा यस अदालतमा मुद्दा नं. ०७९-C1-०५०२ र ०७९-C1-०५०२ को नकवजनी चोरी मुद्दामा दशिको रुपमा पेश हुन आई जिन्सि खाता नं. १३३३२ मा आम्दानी बाँधिएका धनमालहरु लिलाम विक्री गर्ने सम्वन्धीको १ प्रति सूचना यसै पत्रसाथ राखी पठाइएको छ । उक्त सूचना सम्मानित अदालतको Website मा राखी प्रकाशित गरि दिनु हुन अनुरोध गरिन्छ।

धनबहादुर कार्की

फैसला कार्यान्वयन अधिकारी

(उप-सचिव)

बोधार्थ

श्री उच्च अदालत पाटन,

ललितपुर ।

श्री फैसला कार्यान्वयन निर्देशनालय,

बबरमहल काठमाडौं ।

श्री काठमाडौं जिल्ला अदालत,

सूचना प्रविधि शाखा ।

नोटः-यस अदालतमा पत्राचार गर्दा अनिवार्य रुपमा फाँट नं. मुद्दा नं. चलानी नं. का साथै मिति समेत खुल्ने गरी पत्राचार गरिदिनु हुन अनुरोध छ ।

## काठमाडौं जिल्ला अदालत
## बबरमहल, काठमाडौं

### सुनचादीका गहना तथा टुक्राहरु सिलवन्दीद्वारा लिलाम गर्ने सम्वन्धीको सूचना

पहिलो दोस्रो प्रकाशित मिति २०८१।१०।२७

प्रस्तुत विषयमा यस अदालतमा मुद्दा नं. ०७९-C1-०५०२ र ०७९-C1-०५१२ को नकवजनी चोरी मुद्दामा दशिको रुपमा पेश भएको सुनचादीका गहना तथा टुक्राहरु जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ (९) वमोजिम सिलबन्दीद्वारा लिलाम विक्री गर्ने गरी यो दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । प्रकाशित सूचना वमोजिम फारम दस्तुर रु. १,०००।– काठमाडौं जिल्ला अदालत परिसरमा रहेको राष्ट्रिय बाणिज्य बैक लि.को काउन्टरमा दाखिला गरेको बैक भौचर पेश गरी जिन्सी शाखाबाट खरिद गर्न सकिने छ । खरिद गरिएको फारममा तपसिल वमोजिमको अधिनमा रही सिलबन्दी पेश गर्नु पर्ने छ ।

<u>तपसिल</u>

१. यस अदालतबाट लिलाममा चढाइएका सुनचादीका गहना तथा टुक्राहरुको मु.अ.कर सहित एकमुष्ट रकम रु. ७,००,०००।– (सात लाख) कायम गरिएको हुँदा आफुले कवोल गर्न चाहेको रकमको कम्तिमा १० प्रतिसत रकम दाखिला गरेको काठमाडौं जिल्ला अदालतबाट जारी भएको नगदी धरौटी रसिदको सक्कल १ (एक) प्रति संलग्न गर्ने।

२. वोलपत्र फारम दस्तुर रु १,०००।– तिरी खरिद गरेको सक्कल रसिदको कार्यालय प्रति संलग्न गर्ने

३. काठमाडौं जिल्ला अदालतबाट विक्री भएको सक्कल फारममा भर्नु पर्ने सम्पुर्ण विवरण नउड्ने पक्का कालो मसीले उल्लेख गरी भर्ने। कवोल गर्न चाहेको एकमुष्ठ रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गरी पेश गर्ने ।खरिद गर्ने संस्था भए संस्थाको आधिकारिक छाप र प्रमुख व्यक्तिले दस्तखत गरेको हुनु पर्दछ । यदी ब्यक्ती भए दस्तखत र दुवै हातको बुढीऔलाको ल्याप्चे छाप लगाई पेश गरेको हुनु पर्दछ ।

४. कवोल कर्ताको स्थाई लेखा नं. र चेकको स्पष्ट बुझिने प्रतिलिपि संलग्न हुनु पर्ने ।

५. सिलवन्दी फारम अन्तिम मिति २०८१।११।११ गते कार्यालय समय भित्र खरिद गर्नु पर्दछ ।

६. सिलबन्दी फाराम मिति २०८१।११।१२ गते दिनको १२:०० बजे भित्र काठमाडौ जिल्ला अदालतको जिन्सी शाखामा दर्ता हुनु पर्दछ । सिलबन्दी फारम दर्ता गर्न ल्याउँदा खामको बाहिर पट्टी कवोल कर्ताको नाम ठेगाना र सम्पर्क नं. उल्लेख हुनु पर्दछ ।

७. सिलवन्दी फारम मिति २०८१।११।१२ गते दिउसो २:०० बजे काठमाडौं जिल्ला अदालतको भुई तल्लामा रहेको सभा कक्षमा खोलिने छ र सो दिन सार्वजनिक बिदा परेमा लगतै अड्डा खुलेको दिन सोही समयमा खोलिने छ।फारम खोलिने स्थानमा कवोल कर्ता मात्र उपस्थित हुन पाउनेछ ।

८. माथि उल्लेख गरिए अनुसार पेश भएको सिलबन्दी फारम मुल्याङ्कन समितिले मुल्याङ्कन गरी सबै भन्दा बढी रकम कवोल गर्ने कवोलकर्तालाई छनौट गर्नेछ । उल्लेख गरिए अनुसारको सम्पुर्ण विवरण भरी पेश नभएको र कागजात संलग्न नभएको कवोलकर्ताको फारम अस्वीकृत हुनेछ ।

९. छनौट गरिएको कबोलकर्ताले कबोल गरेको मु.अ.कर सहितको बाँकी ९० प्रतिसत रकम मिति २०८१।११।१८ गते भित्र दाखिला गरी सोही दिन आफ्नो सामान लिई जान पाउने छ।

१०. छनोट गरिएको कबोलकर्ताले कबोल गरेको बाँकी रकम मिति २०८१।११।१८ गते भित्र दाखिला नगरेमा निजले शुरुमा सिलबन्दी पेश गर्दा दाखिला गरेको १० प्रतिसत रकम जफत गरिने छ ।

११. छनोट नभएका कवोल कर्ताको रकम निजहरुले पेश गरेको खातामा फिर्ता पठाईने छ ।

१२. थप जानकारीको लागी यस अदालतको जिन्सी फाँटमा सम्पर्क गर्न सक्नु हुनेछ ।